नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

मिति: २०७४/१०/१५

संघीय मामिला शाखा

पत्र सङ्ख्याः- सं. मा.शा. २०७४।०७५
चलानी संख्याः ९४३

फोन नं. ४२११८९५
सिंहदरवार, काठमाडौं

मितिः२०७४/११/१६

श्री गाउँपालिका (सबै) ।
श्री नगरपालिका (सबै) ।
श्री जिल्ला समन्वय समिति (सबै) ।

विषयः- जानकारी सम्बन्धमा ।

प्रस्तुत विषयमा, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय प.स. ०७४/७५ च.नं. ७२ मिति २०७४।११।१५ को प्राप्त पत्र यसैसाथ संलग्न गरी पठाईएको छ । प्राप्त पत्रानुसार गर्नु गराउनु हुन अनुरोध छ ।

बोधार्थः श्री सूचना तथा विद्युतीय शासन शाखाः मन्त्रालयको Website मा Upload गरीदिनुहुन।

दाहाल
२०७४।११।१६
दुर्गा दाहाल
(शाखा अधिकृत)

नेपाल सरकार

# महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

सिंहदरवार, काठमाडौं, नेपाल
फोन नं. : ००९७७-१-४२००१६४/४२००१६८
४२०००८२/४२००४१३/४२००४०८
फ्याक्स : ४२००११६
E-mail : mail@mowcsw.gov.np
Website : www.mowcsw.gov.np

पत्र संख्या : ०७४/७५
चलानी नं.: ७२

मितिः २०७४।११।१५

श्री संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालय
सिंहदरवार ।

यस मन्त्रालयको अग्रसरतामा आगामी २०१७४/११/२४ गते तदनुसार ८ मार्च २०१८का अवसरमा "आर्थिक सशक्तिकरण सहितको सामाजिक जागरण: ग्रामीण तथा शहरी महिलाको जीवनस्तरमा रुपान्तरण"भन्ने नाराका साथ अन्तर्राष्ट्रिय महिला दिवस मनाउन गईरहेको व्यहोरा अवगत गराउन चाहान्छु ।

प्रत्येक वर्ष ८ मार्चका दिन महिलाहरुको हक, अधिकारका साथै उनीहरुको सामाजिक, आर्थिक, राजनैतिक तथा सांस्कृतिक विकासको लागि आवाज उठाउने दिनको स्मरण गर्दै विश्वव्यापी रुपमा अन्तर्राष्ट्रिय महिला दिवस मनाउने गरिएको छ ।

संयुक्त राष्ट्रसंघले सन् २०१६-२०३० सम्मको लागि पारित गरेको दिगो विकासका लक्ष्यहरुको प्रभावकारी कार्यान्वयनका लागि यस बर्ष ग्रामीण तथा शहरी महिलाहरुको जीवनस्तरमा रुपान्तरणका लागि सक्रिय हुन Time is Now: Rural and Urban Activists Transforming Women's Lives" भन्ने नारा सहित आव्हान गरेको छ ।

यस पृष्ठभूमिमा मिति २०७४/११/१३ गते माननीय महिला बालबालिका तथा समाजकल्याण मन्त्रीयज्यूको अध्यक्षतामा बसेको मूल समारोह समितिको बैठकले सबै प्रदेश,जिल्ला तथा स्थानीय तहमा अन्तर्राष्ट्रिय महिला दिवस मनाउन अनुरोध गर्ने निर्णय भएको हुँदा सवै स्थानीय तहलाई पत्राचार गरिदिनु हुन अनुरोध गर्दछु ।

(सुशीला पौडेल दाहाल)
शाखा अधिकृत